# राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

(..........................................................)

फोन नं.: ०८२–४१३०७७

मसुरिया, देउखुरी–दाङ
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या: २०८१।०८२ चलानी नं.:

**बङ्गुर पालन असल अभ्यास प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८०/१०/२८**

राप्ती गाउँपालिकाको आ.व. २०८१/८२ को संघीय सशर्त तर्फ स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ तथा पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८० बमोजिम देहायको कार्यक्रम सञ्चालन गर्न इच्छुक बङ्गुरपालक फार्म/व्यवसायीहरुका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मितिः २०८१/११/१२ गते भित्र) तपसिलका कागजात सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। निवेदनको ढाँचा यस कार्यालयको पशु सेवा शाखा वा वेबसाईट raptimundang.gov.np बाट प्राप्त गर्न सकिने छ। रित नपुगेका तथा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क.स. | कार्यक्रमको नाम | कार्यक्रम लागू हुने क्षेत्र | कार्यक्रममा सहभागि हुन सक्ने लाभग्राही |
|---|---|---|---|
| १. | बङ्गुर पालन असल अभ्यास प्रवर्द्धन कार्यक्रम | राप्ती गाउँपालिका क्षेत्र भित्र | दर्तावाल बङ्गुर फार्महरु |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. अनुसूची-१ बमोजिमको निवेदन
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी
३. फार्म दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि
४. सम्बन्धित वडा कार्यालयको सिफारिस
५. फार्म रहेको जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि
६. PAN/VAT र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
७. भाडामा लिएको जग्गा भए कम्तिमा १० वर्ष सम्झौताको प्रतिलिपि
८. सम्बन्धित कार्यालयको नियमानुसार दस्तुर बुझाएको रसिद
९. फार्म र पालिएका पशु स्पष्ट देखिने तस्विर

नोटः

१. कार्यक्रमको कार्यान्वयन पशु सेवा विभागको "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ तथा पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८०" बमोजिम हुनेछ।

.................

नेव बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची — १
(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
**पशुपालन असल अभ्यासको आवेदन**

मितिः

श्रीमान् कार्यालय प्रमुखजयू,

..............................

विषयः पशुपालन असल अभ्यास सम्बन्धमा।

प्रस्तुत विषयमा मेरो आफ्नै स्वामित्वमा रहेको देहाय बमोजिमको फार्ममा स्वच्छ, स्वस्थ एवम् गुणस्तरीय पशुजन्य उत्पादन गर्ने उद्देश्यले नेपाल सरकारले तोके बमोजिमको पशुपालन असल अभ्यास मापदण्ड पालना गर्न इच्छुक भई यो निवेदन पेश गर्दछु।

निवेदक

.....................

नामः

| फार्मको विवरण | |
|---|---|
| फार्म/ संस्था/ कम्पनीको नाम | |
| ठेगाना | |
| प्रोप्राइटरको नाम | |
| सम्पर्क नम्बर | |
| ईमेल ठेगाना | |
| PAN/VAT | |